# गुराँस गाउँपालिकाको परिचय

दैलेख जिल्लाको पर्यटकीय स्थलको रुपमा रहेको गुराँस गाउँपालिका, कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट २५ कि.मि.को दुरीमा रहेको छ ।

साविकका वराह, सेरी, खड्कवाड, गोगनपानी, पिलाडि, लालिकाँडा गा.वि.स.हरुलाई जोडेर हालको गुराँस गाउँपालिकाको निर्माण गरिएको हो । झट्ट हेर्दा नेपालको नक्शा जस्तो देखिने गुराँस गाउँपालिका समुन्द्री सतहबाट सबैभन्दा कम ५४४ मिटरमा रहेको वडा नं. २ स्थित तल्लो डुङ्गेश्वर प्रसिद्ध कर्णाली नदीको किनारमा कर्णाली राजमार्गमा अवस्थित छ । भने सवैभन्दा बढी उचाई रहेको वडा नं.७ स्थित मालिका कोप्ची जाजरकोट जिल्लाको सिमानामा रहेको छ । राष्ट्रिय जनगणना २०७८ को अनुसार गुराँस गाउँपालिकाको कुल जनसंख्या २१,१८९ रहेको छ, जसमध्य कुल जनसंख्याको ५१ % महिला छन् भने ४९ % पुरूष रहेका छन् । करिब १६४.७९ वर्ग किलोमिटर क्षेत्रफल रहेको गुराँस गाउँपालिका व्यवसायीक आलु तथा तरकारी उत्पादन र पर्यटनको कारणले प्रख्यात रहेको छ । यस गाउँपालिकामा गुराँस फुलको मनमोहक दृष्य र चिसो हावापानीका साथै व्यवसायीक र मनोरञ्जनको उदेश्यले वर्षेनी हजारौ आन्तरिक र बाहेक पर्यटनहरु आउने गर्दछन् । गुराँस गाउँपालिकामा संचालित सबैजसो होटेलहरु लोकल कुखुरा कर्णाली तथा लोहोरे खोलाको माछा र स्थानीय खानेकुराको कारणले भरिभराउ हुने गरेको पाईन्छ ।

यहाँको बार्षिक औषत तापक्रम २५ डिग्री सेल्सीयस देखि ३५ डिग्री सेल्सीयस सम्म रहेको छ । कर्णाली प्रदेशको राजधानीबाट प्रदेशका अन्य पहाडी र हिमाली जिल्लाहरुमा जानको लागि मुलद्धारको रुपमा रहेको गुराँस गाउँपालिका कृषि, पशुपंक्षि, वन, जडीबुटी, पर्यटन तथा साना अन्य उद्योगहरुको लागि उपयुक्त स्थान रहेको छ । नेपालको आर्थिक तथा सामाजिक विकासमा कृषि, पशुपंक्षी तथा अन्य घरेलु तथा साना उद्योग व्यवसायकको अग्रणी भूमिका रहेको छ । औधोगिककरणको गति मन्द रहेकोले यहाको कृषि तथा पशु व्यवसाय नै आर्थिक विकासको मूख्य आधार क्षेत्र हो । यस गाउँपालिकामा कृषि तथा पशुपंक्षी व्यवसायमा (९२.३३) प्रतिशत अत्यधिक जनसंख्या संलग्न रहेको छ । पढेलेखेका विपन्न र साधारण लेखपढ गर्ने व्यक्तिले पनि सहज रुपमा कृषि, पशुपंक्षी तथा अन्य साना उद्योग व्यवसाय अगाल्न सक्ने भएकोले यो व्यवसायलाई व्यवस्थित गर्न जरुरी छ । हाल रहेको मिश्रित व्यवसायीक प्रणालीले कृषि,पशुपंक्षी, वन, जडिबुटी पर्यटन तथा साना व्यवसायको विकास र विस्तार हुन नसकेको अवस्था छ ।

## गुराँस गाउँपालिका वडा नम्बर ३ कोसंक्षिप्त परिचयः

राज्यको पुनःसंरचनासँगै दैलेख गुराँस गाउँपालिका वडा नम्बर ३ साविकका खड्कबाडा वराहा गाउँविकास समिति मिलाएर बनाइएको हो । पश्चिममा वडा नम्बर १, उत्तरमा वडा नम्बर २ पूर्वमा वडा नम्बर ४ र दक्षिणमा वीरेन्द्रनगर नगरपालिकासँग सिमाना जोडिएको यो वडामा विशेषगरी ब्रहामण, क्षेत्री, मगर, लगायतका समुदायको बसोबास छ । यो वडाका नागरिकको मुख्य पेशा कृषि हो । यो वडामा विभिन्न पर्यटकीय क्षेत्रहरु पनि रहेका छन् । भने सम्भावनाले भरिपूर्ण वडा पनि हो ।

राष्ट्रिय जनगणना २०७८ को अनुसार वडा न ३ को जनसंख्या २ हजार ६ सय २२ जना रहेका छन् जसमा पुरूष एक हजार २ सय ६६ र महिला एक हजार ३ सय ५६ जना रहेका छन् ।

## सार्बजनिक सुनुवाई........

नेपालको संविधान २०७२ अनुसार राज्यको पुर्न संरचनाभई तीन तहको सरकारको अवधारणाबाट स्थानीय सरकार गठन भएका छन् । जन निर्वाचित प्रतिनिधिहरुले सरकार सञ्चालन गरि रहेका छन् । तीनतहको

सरकारले सञ्चालनको दायित्व अनुसार आ-आफ्नो ऐन, कानुन बनाउने र अधिकारको उपयोग गर्ने कार्यको थालनी भएको छ । संघीय सरकार, प्रदेश सरकारर स्थानीय सरकारको ऐन कानून बमोजिम सरकार सञ्चालनको प्रकृया थालनी भएपछि स्थानीय सरकारले पनि सोही अनुरुप अभ्यास गर्दै आएका छन् । जसअनुसार विगतका संरचनाहरुमा रहेका शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, कृषि, पशु विकास लगायतका स्थानीय सरकार मातहत हस्तान्तरण भई सकेको अवस्था छ । विभिन्न विषयगत इकाइहरुमा रहेका सेवा प्रवाह आर्थिक विकास अन्तर्गत कृषि, विकास, पशु विकास, पर्यटन विकास, उद्यम विकास, सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, लैगिंक समानता, सामाजिक समावेशीकरण, महिला, बालबालिका, आदिवासी जनजाती, दलित, अपाङ्ग, पिछडा वर्ग, जेष्ठ नागरिक, खेलकुद, खानेपानी सरसफाई सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ प्रशासकीय र वित्तिय सुशासन गरिबी निवारण, रोजगारी, वन वातावरण, विपद् व्यवस्थापन, लगायतका क्षेत्रमा नागरिकताको संग्लनता बढाउनतर्फ स्थानीय सरकार लागेका छन् ।

स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन र लाभको हकमा समुदायको सहज पहुँच हुने अवस्था सिर्जना भएको छ । विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागू गर्दै आएको छ । तिनै ऐन, नीति, नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् ।

कुनै पनि कार्यालयको कामलाई सुशासन, पारदर्शीता, जवाफदेहिता, रजन सभागीता र विधिको साशन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जन गुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालयका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनताप्रतिको जवाफदेहीता, उत्तरदायित्व, र विकाससँग सम्बन्धित रहन्छ ।

**गुराँस गाउँपालिका वडा नम्बर ३ को सार्बजनिक सुनुवाई :**

वडा कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाई लगायतका विविध विषयमा जनतालाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवं सबल संस्थाको रुपमा स्थापित गर्नका लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सार्वजनिक सुनुवाई कार्यविधि २०६७ अनुसार सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । त्यही व्यवस्थाअनुसार आर्थिक बर्ष २०८१/०८२ को ६ महिनामा सञ्चालन गरिएका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको गुराँस गाउँपालिका वडा नम्बर ३ को सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो ।

स्थानीय तहमा सुशासन वा सामाजिक जवाफदेहिता प्रवर्द्धनका लागि विभिन्न औजारहरुको अभ्यास गर्न र उपभोक्ता समितिबाट सम्पन्न विभिन्न योजनालाई पारदर्शी बनाउने अभ्यासका लागि विभिन्न नीति, निर्देशिका, कार्यविधि तयार गरि सोही आधारमा स्थानीय तह सो सँग सम्बन्धित सेवा प्रदायक इकाईहरु र निकायबाट प्रवाह हुने सेवामा प्रभावकारी बनाउदै लैजान आवश्यक रहेको छ ।

यस सार्वजनिक सुनुवाई कार्यक्रमको सहजिकरण स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रालिले गरेको हो ।

**सार्बजनिक सुनुवाईको उद्देश्यः**

सार्वजनिक सुनुवाई गर्नुको मुख्य उद्देश्य चालू आर्थिक वर्ष ०८१/०८२ को ६ महिनामा गुराँस गाउँपालिका वडा नम्बर ३ कार्यालयबाट भएका सेवा तथा सम्पादन गरिएका कार्यक्रहरुको बारेमा आम नागरिकको बुझाई

र प्रतिक्रिया लिने तथा जनताको गुनासो सम्बोधन गर्नु मुख्य उद्देश्य हो । यसका विशिष्ट उद्देश्यहरु तपशिल अनुसार रहेका छन् ।

- वडाको सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्न ।
- विकास निर्माणबारे सरोकारवालाहरुको धारणा, जिज्ञासा, विचार र सुझावलाई सम्बोधन गर्न ।
- स्थानीय सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्बाद स्थापित गर्न ।
- विकास निर्माण प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा सेवाप्रवाहलाई गुणस्तरीय बनाउन ।
- नागरिकबाट प्राप्त सुझावलाई ग्रहण गर्न तथा सरकारलाई जिम्मेवार बनाउन ।

**सार्बजनिक सुनुवाईको विवरण**

**सहजिकरण गर्ने संस्थाः** स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रालि

**सार्बजनिक कार्यक्रम संचालन भएको मितिः** २०८१ माघ महिनाको ६ गते

**सार्बजनिक सुनुवाई भएको स्थानः** गुराँस गाउँपालिका वडा नम्बर ३ कार्यालय पातिकाल्ना दैलेख ।

**सार्बजनिक सुनुवाई भएको समयः** ११ बजेदेखि १ बजेसम्म

**कार्यक्रममा सहभागी संख्याः** ६१ जना

**कार्यक्रमको प्रमुख जवाफदेही वक्ताः**

- वडा अध्यक्षः काशिराम शर्मा
- वडा सचिवः तारा कुमारी खाँड
- वडा प्राविधिकः बसन्त शर्मा

**सहायक जवाफदेही वक्ताः**

१) अमृता विसी (वडा सदस्य)

२) पार्ववती (वडा दलित महिला सदस्य)

३) अम्मर बहादुर सारु (वडा सदस्य)

४) सुरेन्द्र विक (वडा सदस्य)

५) प्रेमलाल पुरी (सरस्वती मावी पातिकाल्ना)

६) बिर बहादुर विसी (खड्गवाडा स्वास्थ्य चौकी इन्चार्ज )

७) विष्णु प्रसाद पौडेल (रानिमत्ता प्रहरी चौकी इन्चार्ज)


**सार्बजनिक सुनुवाई कार्यक्रममा पेश भएका प्रतिवेदनहरुः**

गुराँस गाउँपालिका वडा नम्बर ३ को आर्थिक बर्ष २०८१/८२ को अर्धबार्षिक सार्बजनिक सुनुवाई कार्यक्रममा तपशिलका प्रतिवेदनहरु प्रस्तुत गरिएको थियो ।

- वडाको नीतिगत सुधार सम्बन्धि जानकारीः वडा अध्यक्ष काशिराम शर्मा
- चालू आर्थिक वर्ष २०८०/८१ मा वडाबाट प्रवाह भएका सेवाहरुको बारेमा प्रतिवेदनः वडा सचिवः तारा कुमारी खाँड
- योजना कार्यान्वयन सम्बन्धि जानकारीः प्राविधिक वसन्त कुमार शर्मा
- स्वास्थ्य सेवाको प्रवाह र प्रगतिः स्वास्थ्य चौकी इन्चार्ज बिर बहादुर विसी
- नागरिक सर्वेक्षण प्रतिवेदनः सहजकर्ता टेकराज केसी
- आचारसहिंता प्रस्तुतः  सहजकर्ता टेकराज केसी

### सार्बजनिक सुनुवाई कार्यक्रममा भएको उपस्थिति

२०८१/८२ को ६ महिनामा सम्पादन गरिएका विकास निर्माण कार्य, सेवा प्रवाहबारेमा सार्वजनिक सुनुवाई गरियो । सार्बजनिक सुनुवाई कार्यक्रममा विभिन्न वस्तीका स्थानीय, राजनीतिक दल, टोल विकास समिति, योजना उपभोक्ता समिति, सामुदायिक संस्था, विद्यालय, आमा समूह, शिक्षक, बुद्धिजीवि, पत्रकार लगायतको सहभागिता रहेको थियो ।



### सार्वजनिक सुनुवाई कार्यक्रमका विषयहरु :

- शिक्षा
- स्वास्थ्य

- खानेपानी तथा सरसफाई
- रोजगार
- कृषि पशु
- भौतिक पूर्वाधार
- सुशासन विकास निर्माण
- सेवा प्रवाह स्थिति विवरण

**गुराँस गाउँपालिका वडा नम्बर ३ को आर्थिक बर्ष २०८१/०८२ को अर्धबार्षिक समिक्षा तथा सार्बजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा, सुझाव तथा जवाफ**

| **क.स** | **प्रश्कर्ताको नाम ठेगाना** | **प्रश्नकर्ताको प्रश्न, जिज्ञासा, सुझाव** | **जवाफदेही वक्ताको जवाफ** |
|---|---|---|---|
| १ | पदमराज शाही (गुराँस ३) | गत बैशाखामा एक घर एक धारा कार्यक्रम तामझामका साथ शुरु भएको थियो । यो कार्यक्रम काँहासम्म पुग्यो ? अहिले कता हरायो ? | **काशिराम शर्मा (वडा अध्यक्ष)**: हो उहाले भनेको कुरा ठिक हो । हामीले खानेपानी समस्या समाधानको लागि एक घर एक धारा कार्यक्रम अन्तरगत एउटा साझेदार संस्थासँग मिलेर काम गरिरहेको अवस्था हो । यो वडाको खानेपानी समस्या समाधानको लागि यो कार्यक्रम निरन्तर जारी रहने छ । तर अहिले वजेटको अभावका कारण त्यो काम अगाडी बढ्न नसकेको कुरा जानकारी गराउन चाहान्छु । अब हामी आगामी आर्थिक बर्षदेखि त्यो कार्यक्रम अगाडी बढ्छ अनि खानेपानी समस्या समाधान हुन्छ । |
| २ | शिवध्वज शाही (गुराँस ३) | चिसापानीदेखि पातिकाल्नासम्मको सडक निर्माणको लागि १५ लाख वजेट विनियोजन भइ काम पनि भयो । चिसापानी वडा नम्बर ४ मा पर्छ भने पातिकाल्ना वडा नम्बर ३ मा पर्छ त्यो वजेट वडा नम्बर ४ को लागि होकी वडा नम्बर ३ को लागि ? | **काशिराम शर्मा (वडा अध्यक्ष)**: पातिकाल्ना चिसापानी सडक खण्डको लागि प्रदेश सरकारबाट १५ लाख रकम आएको हो । त्यो काम भइसकेको अवस्था छ । तथापी त्यो पैसा आधा मात्रै खर्च भयो । अरु फिर्ता भएर गयो । यो रकम फिर्ता हुनुमा वडा कार्यालयको कुनै दोष छैन । यो योजना ३ नम्बर र ४ नम्बर भनेर नभनिएपनि उपभोग गर्ने दुबै वडाका नागरिक भएपछि यो दुबै वडाको लागि हो भनेर बुझ्दा राम्रो हुन्छ । |

| | | | |
|---|---|---|---|
| ३ | गंगाराम खत्री (पुर्व वडा अध्यक्ष गुराँस ३) | १) जोखिममा रहेका बालबालिकाको लागि काँही कतै वजेट देखिएन । जोखिम बालबालिकाको लागि वजेट छकी छैन ? | **काशिराम शर्मा (वडा अध्यक्ष)**: जोखिममा रहेका बालबालिकाको सन्दर्भमा गुराँस गाउँपालिकाको १० हजार र सेभ द चिल्ड्रेनको १५ हजार रकमबाट जोखिम बालबालिकाको लागि एउटा कोष बनाइएको थियो । यो रकम गुराँस गाउँपालिकाको एउटा सहकारीमा जम्मा गर्ने गरिएको थियो । त्यो रकम कुनै लगानीमा पनि देखिदैन । यो रकम हिनामिना भएको आशंकामा छानबिन भइरहेको अवस्था छ । त्यसपछि मात्रै यो रकम काहाँ छ भन्ने टुङ्गो लाग्ला । |
| | | वडामा आउने योजना ठुला र नेताको लागि मात्रै हुन्छ की तल्लो तहका जनतासम्म पनि पुग्छ ? | |
| | | हाम्रो देश कृषि प्रधान देश हो, तर यो वडामा कृषि क्षेत्रको लागि खासै वजेट देखिदैन किन ? | **काशिराम शर्मा (वडा अध्यक्ष)**: हो स्वभाविक रुपमा हाम्रो देश कृषि प्रधान देश हो । कृषकको लागि मल बिऊसँगै अनुदानका कार्यक्रम ल्याउनुपर्छ । यही प्रसंगमा घोडाबासमा पालिकाको ५१ प्रतिशत र एकजना व्यवसायीको ४९ प्रतिशत लगानीमा कृषि नर्सरी उत्पादन गर्ने भनेर अघिल्लो सरकारले बनायो । तर त्यहाँ लगानी भएको रकम लथालिङ्ग भएपपछि यो मुद्धा अख्तियारमा गएकोले त्यहाँ उत्पादित बिऊहरु हामीले जनतासम्म पुर्याउन सकेका छैनौं । यद्यपी हामीले अनुदानमा बिऊहरु कार्यक्रमहरु ल्याएका छौं । |
| | | वडामा युवाहरुलाई सिपमुलक कार्यक्रमहरु ल्याएर स्वरोजगार बनाउने योजना काँही कतै छैन किन होला ? | **काशिराम शर्मा (वडा अध्यक्ष)**: वडामा सिपमुलक कार्यक्रमहरु पनि चलेका छन् । हामीले मेड्फा कार्यक्रम लागु गरेका थियौं । त्यस कार्यक्रममा ढाँका बुनाई कार्यक्रम संचालन गर्यौ । अहिले उद्योगहरुमा समेत लगानी गर्ने भनिएकाले कृषिसँग सम्बिन्धित कार्यक्रमको रुपमा लागु गरेका छौं । अब प्रस्तावना आव्हान हुन्छ र तालिम दिएर स्वरोजगार बनाउने योजना हाम्रो छ । |

| | | | |
|---|---|---|---|
| ४ | नन्दा सिजापती (गुराँस ३) | पहिलेको सरकारले २०७४/०७५ मा ल्याएको बालबालिकाको लागि जीवन सुरक्षा कोष कार्यक्रम अहिले के भइरहेको छ ? त्यसमा जम्मा भएको रकम अहिलेसम्म बालबालिकाले पाउन सकेका छैनन ? यस विषयमा जान्न चाहान्छु । | **काशिराम शर्मा (वडा अध्यक्ष)**: जीवन सुरक्षा कोष अन्तरगत पनि बालबालिकाकै लागि भनेर गुराँस गाउँपालिकाको यसअघिको सरकारले लयाएको कार्यक्रम हो । त्यसमा गाउँपालिकाको १० हजार र अविभावकको ४ हजार गरेर १४ हजार एकजना बालबालिकाको नाममा बचत गर्ने र त्यसको व्याजसहितको रकम दिनेगरी कार्यक्रम बनाइयो । त्यो रकम पनि सहकारीहरुमा जम्मा भएकाले यसको बारेमा समेत अत्तोपत्तो नभएको अवस्था छ । त्यो रकम सुनिश्चित नभएसम्म पालिकाले रकम जम्मा गरेको छैन । यस विषयमा समिति गठन भएको छ । त्यसको प्रतिवेदन आएपछि यो समस्या समाधान हुन्छ । |
| | | महिलाहरुको लागि वजेट छुट्टिन्छ की छुट्टीदैन ? यदी छुट्टीन्छ भने त्यो रकम काँहा प्रयोग हुन्छ ? | **काशिराम शर्मा (वडा अध्यक्ष)**: महिलाहरुको लागि भनेर प्रत्येक बर्ष ५० हजार बजेट वडामा आएको हुन्छ । तिज विशेष कार्यक्रम, महिला दिवस लगायतका कार्यक्रममा खर्च गर्ने गरेका छौं । महिलासँगै युवा लक्षित गरेर खेलकुद कार्यक्रमको लागि पनि वजेट छ । त्यसको पनि अब काम अगाडी बढाइने छ । |
| | | अपाङ्गता भएका व्यक्तीहरुको लागि वजेट छकी छैन् ? अनि के कस्ता कार्यक्रम यो वडामा संचालन भइरहेका छन् ? | अपाङ्गता लक्षित कार्यक्रम भनेर पालिकाबाट नै वजेट आउने गरेको छ । सँगै विकास साझेदार संस्थाहरुले पनि केही सहयोग गरिरहेको अवस्था छ । वडा नम्बर ३ का २५ जना अपाङ्गता भएका व्यक्तीहरुलाई एकजनालाई ६९ हजार हुनेगरी व्यवसाय गर्न सहयोग गर्ने कार्यक्रम रहेको छ । |
| ५ | उमा विसी (गुराँस ३) | मेरो छोराको जन्मदर्ता र अन्य प्रमाणपत्रमा फरक मिती भएपछि त्यसलाई सच्याउन वडाको शिफारिस चाहिँदो रहेछ । त्यही शिफारिस लिनको लागि मैले २ हप्तासम्म कुर्नुपर्यो ? यसरी वडामा ढिलासुस्ती किन ? | **तारा कुमारी खाँड (वडा सचिव)**: हामीले वडाबाट दिने सेवालाई सजिलो र सरल बनाइरहेका छौं । अहिले सबै सेवा दिने काम अनलाइनबाट हुने भएकाले पनि त्यस्तो झन्जट बेहोर्नुपर्दैन कहिलेकाँही सर्भरमा समस्या भयो भने फरक कुरा हो । उहाँको प्रश्नमा मैले के भन्छु भने त्यतीबेला मेरो आमाको मृत्यु |

| | | | |
|---|---|---|---|
| | | | भएर म विदामा रहेको थिएँ । त्यही भएर रोकिएको पनि हुन सक्छ । तथापी हामीले वडाबाट सेवालाई सरल, छिटो बनाइरहेका छौँ । यदी काँही कतै कमजोरी भएको खण्डमा सुधार गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । **बखत खत्री (वडा कर्मचारी)**: हामीले सचिव ज्यु नभएको बेला समेत जनतालाई सेवा रोकेको अवस्था छैन । सचिव ज्यु नभएको बेलामा हामीले नै सबै काम गर्ने गरेका छौँ । उहाँको छोराको जन्मदर्ता मिति सच्याउनको लागि आएको निवदेन मंसिर २५ गतेको हो । त्यतीबेला ४ दिनसम्म देशभर नै स्थानीय तहका वेभसाइडमा समस्या आएको थियो । त्यही भएर नै उहाको काममा केही ढिलाई भएको हो, त्यैपनि दुइ हप्ता होइन तिनदिन मात्रै । नत्र हामीले वडाको सेवालाई जनमैत्री बनाउने प्रयास गरिरहेको अवस्था छ । |
| ६ | कृपाराम जैसी (गुराँस ३) | पहिले हामीले ७ सय रुपैयाँ तिर्दै आएको जग्गा दस्तुर अहिले ४५ सय रुपैयाँ तिर्नुपर्ने भयो । यस्तो किन ? | **तारा कुमारी खाँड (वडा सचिव)**: अहिलेको सबै सिस्टम अनलाइनबाट नै हुन्छ । अहिले हिसाब जोडेर दिनुपर्ने अवस्था छैन । त्यो जग्गाको वर्गिकरण गरिएको छ । सडक नजिकको जग्गाको भ्यालुअनुसार तपाईंले पहिलेभन्दा बढी तिर्नुपरेको हो । मानौं तपाईंको जग्गाको पहिलेको मुल्यभन्दा अहिले बढेको छ । त्यही भएर हो । |
| ७ | टिका महतारा (गुराँस ३) | महिला स्वास्थ्य स्वयमसेविकाहरुले सधै भोकभोकै काम गर्नुपर्ने हो ? हामी त टोलको खम्बा होनी । हाम्रो लागि केही सोच्नुपर्दैन ? | **काशिराम शर्मा (वडा अध्यक्ष)**: महिला स्वास्थ्य स्वयमसेविकाको सवालमा म असाध्यै सम्बेदनशिल रहेको छु । वडा नम्बर ३ मा रहेका सबै स्वास्थ्य स्वयमसेविकाको लागि भनेर बार्षिक ६ हजार खाजा खर्च दिने भनेर वजेट छुट्याइएको छ । त्यो वजेट पालिकाबाट नै छुट्टिएको छ । अनि अर्को कुरा जुनसुकै विकास गर्दा आफन्त र राजनिति हेर्ने भन्ने मबाट हुँदैन । तपाईं ढुक्क के हुनुहोस् भने म हिजो कुनै एउटा पार्टीबाट टिकट लिएर वडा अध्यक्ष भएको हुँला आज सबै |
| | | मेरो अर्को सुझाव के छ भने वडामा हुने विकासका काममा नातागोता, पार्टी नछुट्याएर गरियोस् । | |

| | | | |
|---|---|---|---|
| | | | जनता मेरा लागि बराबर हुन् । यहाँ सबैलाई समावेश गरेर योजना बनाउँछौ र विकास गर्छौ यो मेरो प्रतिवद्धता पनि हो । |
| ८ | नगेन्द्र शाही (गुराँस ३ पुनाकोट) | हाम्रो गुराँस ३ पुनाकोटमा सडक निर्माण गर्दा खानेपानी ट्याङ्कीमा क्षती पुग्दा खानेपानी समस्या भएको छ । यसको समाधान कहिले हुन्छ ? | खानेपानीको समस्या समाधानको लागि हामीले एक घर एक धारा कार्यक्रम त ल्याएकै छौं । त्यो कार्यान्वयनमा जान्छ । र पुनाकोटको त्यो खानेपानी ट्याङ्की मर्मत गर्नको लागि वजेट पनि छुट्याएको कुरा म जानकारी गराउन चाहान्छु । |
| ९ | धर्म सिजापती (गुराँस ३) | सेरी पुनाकोट जोड्ने बाटो संचालनको लागि पहल गर्नुभएको छकी छैन ? | सेरी र पुनाकोट जोड्ने बाटोको लागि पहल भइरहेको छ । अब छिट्टै त्यो बाटो जोडिन्छ । |
| १० | मिना कुमारी विक ( विद्यार्थी) | हाम्रो सरस्वती मावीमा अपाङ्गता भएका विद्यार्थीहरुलाई केही शैक्षिक सहयोगको लागि वजेट छकी छैन ? | अपाङ्गता भएका बालबालिकाहरुको लागि मैले अघि पनि भनिसके साझेदार संस्थासँग मिलेर केही कार्यक्रमहरु भइरहेका छन् । उहाहरुलाई त्यही कार्यक्रमबाट सहयोग त हुन्छ नै पालिकाबाट र वडाबाट पनि केही सहयोग गरिएको छ । |
| ११ | सहजकर्ता | वडामा योजना कार्यान्वयन गर्दा प्राविधिक सहजता कत्तिको छ ? | **वसन्त शर्मा (वडा प्राविधिक)**: हाम्रो वडामा योजना कार्यान्वयमा प्राविधिक असयोग हुने, केही समस्या छैन । काँही कतै स्टेमेटअनुसारको काम नभएको खण्डमा समस्या हुने भएकाले हामीले पहिले नै प्राविधिक स्टेमेट अनुसार काम गर्नुहोस् भनेर जानकारी गराउँछौ । त्यस्तो असहजता छैन । |
| १२ | अन्य सुझावहरु | वडाको शिक्षा, स्वास्थ्यको अवस्था सुधार गर्नेगरी योजना बनाएर जानुपर्छ । वडाभित्रका बाटाघाटाका सुधार गर्दै लैजाने र योजना छनौट गर्दा वस्ती स्तरसम्म पुगेर बनाउन सुझाव छ । भने खानेपानी समस्या समाधान गर्नुपर्ने सुझाव सरोकारवालाहरुको छ । | |

**सार्वजनिक सुनुवाई गर्न अपनाइएको विधि :**

- वडा कार्यालयसँग समन्वय
- सार्वजनिक सूचना टाँस, (फेसबुक, सूचना पार्टी, वेभसाइड)
- कार्यालयको तर्फबाट पत्रचार

**कार्यक्रमबाट भएका उपलब्धिहरु :**

- वडा कार्यालय र आम नागरिकबिचको सम्बन्ध प्रगाढ भई विकास निर्माणका काममा जनसहभागिता बढ्ने छ ।
- योजना/आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा नराम्रा दुवै पक्षको कार्यको मूल्याङ्कन हुनेछ । भने सुधारको मौका प्राप्त हुने छ ।
- जनताको आवश्यकता पहिचान भई त्यही अनुसारको योजना बनाउन सहयोग पुग्ने छ ।

**सिकाई सुझाव :**

समग्रमा हरेक वर्ष सार्वजनिक सुनुवाई कार्यक्रम हुने गरेका छन् । तर सार्वजनिक सुनुवाई कार्यक्रमलाई अझै फराकिलो घेरामा बनाउनु आवश्यक देखिन्छ । यसको लागि निम्नलिखित सुझाव पेश गर्न चाहन्छौ ।

- सार्वजनिक सुनुवाईमा स्थानीय सहभागिताको लागि आयोजकले बढि ध्यान दिनुपर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रम खुला चौर अथवा ग्रामीण भेग केन्द्रीत गर्नुपर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रमबाट आएका सुझाव कार्यान्वयनमा ध्यान दिनुपर्ने ।
- वडामा नागरिक वडापत्रको प्रयोग बढाउनुपर्ने तथा सबै देखिने पहुँच भएको ठाउँमा राख्नुपर्ने ।
- स्थानीयको गुनासो अभिलेखीकरण गर्नुपर्ने ।

**निष्कर्ष :**

स्थानीय तहलाई सेवाग्राहीप्रति उत्तरदायी, पारदर्शी तथा जवाफदेही बनाउने र नागरिकलाई सेवा प्रवाहमा जनसहभागिता र चासो बढाउन सार्वजनिक सुनुवाई गर्ने कार्यक्रम प्रभावकारी देखिएका छन् । नागरिक एवं सेवाग्राहीको सक्रियतामा सार्वजनिक प्रशासनमा जवाफदेहिता बढाउन, स्वेच्छाचारी नियन्त्रण, सेवा वितरणमा जनगुनासो आउन नदिन र सेवाग्राहीलाई केन्द्रबिन्दुमा राखेर अशल शासन बनाउन सार्वजनिक सुनुवाई प्रभावकारी देखिएको छ । सार्वजनिक निकायमा गर्दै आएका कामलाई अझै सेवाप्रवाहमा थप सुधार ल्याउने वातावरण सिर्जना गर्न पनि यो उपयुक्त छ ।

नागरिकको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकार भएको हुँदा स्थानीय सरकारप्रति जनचासो देखाउनु, काम कारवाही र सेवाप्रवाहमा जनसहभागितामूलक र विगतका गल्ती कमजोरी सच्याएर लैजाने प्रतिवद्धताको लागि यो सुनुवाई महत्वपूर्ण रहेको निश्कर्ष निकालिएको छ ।

**प्रतिवेदनहरुः**


सार्बजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरिएका प्रतिवेदनहरु निम्न छन्:

- **वडा तर्फबाट सेवा प्रवाहको अवस्था सम्बन्धि प्रतिवेदनः** गुराँस गाउँपालिका वडा नम्बर १ कार्यालयको सेवा प्रवाहको अवस्थाका विषयमा अर्धबार्षिक प्रतिवेदन प्रस्तुत गरिएको थियो ।


- **विकास निर्माण र नीतिगत सुधार सम्बन्धि प्रतिवेदन:** विकास निर्माण अन्तरगत योजना कार्यान्वनयन तथा नीतिगत सुधारमा भएका प्रयासका विषयमा समेत जानकारीमुलक प्रतिवेदन पेश गरिएको थियो ।
- **नागरिक सर्वेक्षण प्रतिवेदन:** गुराँस गाउँपालिका वडा नम्बर ३ कार्यालयको सेवा प्रवाह र विकास निर्माणको सन्दर्भमा वडाभित्रका केही नागरिकलाई नमुनाको रुपमा प्रश्नहरु सोधि आएको परिणामहरु कार्यक्रममा प्रस्तुत गरिएको थियो । जसलाई तल प्रस्तुत गरिएको छ ।

# १ सेवाको सन्तुष्टी


**तपाईंले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि प्राप्त गर्नुभयो?**





**सेवालिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**




## २. सेवाको नियमितता





## कार्यालयमा कर्मचारी र पदाधीकारीको नियमितता



**तपाईले सेवालिन जाँदा अतिरिक्त रकमतिर्नु भयो ?**






**यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कतिदिन लगाउने गरेको छ ?**




# सेवा प्रतिको जनविश्वास

**यस कार्यालयले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?**





## कर्मचारीप्रतिको विश्वास




## विपन्न वर्गको लागि सेवा तथा वजेटको प्रयोग





## सेवाको गुणस्तर


**यस कार्यालयबाट सेवालिंदा कार्यालयले दिएको जानकारीबाट कतिको सन्तुष्ट हुनु हुन्छ ?**




# तपाइ यस कार्यालय आउदा कसको सहयोग लिनुभयो ?





## यस कार्यालयमा एउटा कामको लागि कति पटक धाउनुपर्यो ?




# सेवा सम्बीन्धि जानकारी







**वडामा सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्तवर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?**





## नागरिक बडापत्र, उजुरी पेटिका, गुनासो सुन्ने अधिकारी सम्बन्धमा

**तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?**




**तपाईको विचारमा यस कार्यालयमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा पदान गरेको जस्तो लाग्छ ?**

**?**




**तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?**





# सिफारिस सम्बन्धी


**सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?**





राजस्व दस्तुर ककससँग उठाउने गर्छन ?
९०%
८%
२%
सबैसँग उठाउछन
सिमित व्यक्तिसँग मात्र उठाउछन
धेरै वक्यौता रहने गरेको छ


कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?
४%
९६%
राम्रो
ठिकै
खराब


**कार्यालयमा सेवाप्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?**





**तपाईको विचारमा कार्यालयले पूर्वाधार सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?**




**तपाईको वडामा विकास निर्माणको स्थिति कस्तो छ ?**





**तपाईको वडामा संचालन गरेका आयोजनाहरु कत्तिको प्रभावकारी छन् ?**




स्थानीय सरकारमा आयोजनाको बिलभुक्तानी दिने व्यवस्था कस्तो छ ?





आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?




**आयोजना सञ्चालन गर्दा कार्यालयबाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?**




**कार्यालयमा विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?**




## यस कार्यालयको आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?




# पारदर्शिता सम्वन्धी


**यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतकाबारेमाजानकारी पाउनु भएको छ ?**





**कार्यालयले निर्माण गरेका ऐन, नियम, नीति, निर्णय, बजेट कार्यक्रम, कार्यप्रगति आदी सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ?**




**सार्वजनिक हुने माध्यम के के हुन् ?**




**यस कार्यालयबाट तपाईले चाहेको विवरण पाउँनु भएको छ?**





# बहिर्गमन अभिमत


**सेवालिनको सँग सम्पर्क गर्न भन्नेमातपाईको धारणा के–कस्तो छ ?**





**सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कतिबुझे जस्तो लाग्यो ?**




**तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?**





**सेवाप्राप्तगर्न आवश्यक सूचनाहरु (प्रमाण –कागजात र शुल्क–दस्तुर ) बारे तपाईलाई सेवाप्रदायककर्मचारीले स्पष्ट गरे कि?**







**सेवाप्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?**



लिखित प्रतिवद्धता

सार्बजनिक सुनुवाई कार्यक्रममा सहभागि प्रश्नकर्ता र जवादेहीवक्ताबाट उठेका सवाल र जवाफको आधारमा लिखित प्रतिवद्धता समेत व्यक्त गरिएको थियो जसलाई तल प्रस्तुत गरिएको छ ।


DATE......................

आज मिती २०७९ साल माघ महिनाको ३ गते गुराँस गाउँपालिकाको आयोजना र ह्युमन इनोभेसन तथा रिसर्च प्रालिको सहजीकरणमा रुकुम वडा नम्बर ३ को सार्वजनिक सुनुवाई कार्यक्रममा तपसिलका प्रतिवद्धता गरिएको छ ।

तपसिल

१) वडा कार्यालयको सेवालाई अझ प्रभावकारी बनाउँदै लैजाने प्रतिवद्धता व्यक्त गर्दछौं ।

२) नागरिक बडापत्रको प्रयोगलाई बढाउँदै नागरिक बडापत्र अनुसार काम गर्नेगरी आमजनतालाई जनचेतना जगाउने प्रतिवद्धता व्यक्त गर्दछौं ।

३) जनहित हुनेगरी विकास निर्माणका कार्यहरु संचालन गर्ने र आम जनताको जनगुनासो कम हुनेगरी काम गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

४) खानेपानीको समस्या समाधान गर्न एक घर एक धारा कार्यक्रम संचालन गरी खानेपानीको पहुँच पुर्याउने प्रतिवद्धता व्यक्त गर्दछौं ।

५) महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तीहरुको समस्याहरु पहिचान गरी योजना बनाउने प्रतिवद्धता व्यक्त गर्दछौं ।

६) कृषि पेशालाई व्यवसायिक बनाउँदै लैजाने र आगामी दिनदेखि कृषि सम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिने प्रतिवद्धता व्यक्त गर्दछौं ।

७) शिक्षाको गुणस्तर कायम गर्दै स्वास्थ्य क्षेत्रमा रहेका समस्या समाधान गर्नेगरी योजनाहरु बनाउने प्रतिवद्धता व्यक्त गर्दछौं ।

८) वडामा सुशासन कायम गर्नको लागी नीति नियमको परिपालना गर्न हामी सदैव प्रतिवद्ध छौं ।

पार्वती

## सार्बजनिक सुनुवाइका झलकहरु





